# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश,नेपाल

पत्र संख्या: २०८१/०८२

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

**प्रथम पटक प्रकाशित मिति २०८२।०३।१६**

उपरोक्त सम्बन्धमा यस पिपरा गाउँ कार्यपालिकाकोमिति २०८२/०३/१३ गतेमा बसेको कार्यपालिका बैठकको निर्णय अनुसार पिपरा गाउँपालिका स्थित वडा नं. ४ मा रहेको हप्तामा २ (दुई) पटक लाग्ने पिपरा हाटबजार को आ.ब. ०८२/८३ को मिति २०८२ श्रावण देखि २०८३ आषाढ मसान्त सम्मको कर असुलीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन कार्यालय समय भित्र दरभाउ पत्रफाराम वापत रु. १,०००।- तिरी राजश्व शाखावाट उक्त फाराम खरिद गरि यसैसाथ संलग्न शर्तको अधिनमा रही १५ (सोहौं) दिन दिनको १:०० बजे भित्र रितपूर्वक शिलबन्दी दरभाउ पत्र पेस गर्न सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपशिल**

| क्र.सं. | ठेक्काको नाम | वडा नं. | ठेक्का अवधि | न्यूनतम कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पिपरा हाट बजार कर असुली | ४ | आ.व. ०८२/८३ को आषाढ मसान्त सम्म (मिति २०८२ श्रावण देखि २०८३ आषाढ मसान्त सम्म) | ८,८०,०००।- (आठ लाख अस्सी हजार मात्र) | |

पुनश्च: यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिन्छ ।

शम्भु ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

## शर्तहरु

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउदा सम्बन्धित व्यक्ति वा ठेकेदारले आफ्नो नागरिकतो प्रमाण पत्र लिई स्वाय उपस्थित भई निवेदन साथ पेश गर्नु पर्ने छ ।

२. खामको बाहिर पट्टी बजारको नाम, वडा नं. र गाउँ कार्यपालिकाको कार्यालय पिपरा उल्लेख गरि बोलपत्र शिलबन्दी (लाह छाप) गरि पेश गर्नु पर्ने छ ।

३. बोलपत्र साथ व्यक्तिको नेपाली नागरिकताको छाँया कपी र बोलपत्रमा रु. १० को टिकट टाँसी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फाराममा बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा केरमेट नगरी स्पस्ट संग लेखु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिनेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंक (रकम) को१० प्रतिशतले हुनआउने धरौटी रकम यस कार्यालयको एभरेष्ट बैंक लि., पिपरा शाखामा रहेको धरौटी खाता ग ३-१ खाता नं.०६२००१०६२००००२ जम्मा गरि सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न पेश गर्नुपर्ने छ ।

६. सुचना प्रकाशित भएको मितिले १५(पन्द्रह) दिन कार्यालय समय भित्र बोलपत्र फाराम बापत रु. १०००।- तिरी पिपरा गाउँपालिकाको राजश्व शाखाबाट खरिद गरि१६ (सोह्रौं) दिन दिनको १:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय समय सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोली पल्टा दिनको १:०० बजे सम्ममा बोलपत्र फाराम दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे बोलपत्र खोलिने छ ।

८. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै यस गा.पा. को ग.१.१ आन्तरिक राजश्व खाता खाता नं. ०६२००१०६२००००५मा जम्मा गरि सोको सक्कल भौचर सहित सम्झौता गरि चलन पुर्जी लिई सक्नु पर्नेछ । सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरि दोश्रो कबोल दातालाई ७ (सात) दिनको म्याद दिई सम्झौता गर्न आउँन जनाउ दिनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस कार्यालयको छाप र कार्यालय प्रमुख वा तोकिएको कर्मचारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिने छैन ।

१२.कार्यालयले समय-समयमा दिईएको निर्देशनको पालना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ ।

१३. ठेक्का स्वीकृत भए पश्चात ठेकेदारले कुनै कारण देखाई मिनाहा माग गरेमा यस कार्यालयबाट मिनाहा हुने छैन ।

१४. ठेक्का स्वीकृत भई सम्झौता गरे पश्चात तोकिएको मितिबाट मात्र कर असुल गर्न पाइने छ ।सम्झौता गर्नु भन्दा पहिला दाबी गर्न पाइने छैन ।

१५. कार्यालयको स्वीकृती बेगर बाजारको संरचनामा कुनै हेरफेर गर पाइने छैन ।

१६. ठेक्का सम्बन्धी कुनै किसिमको झै-झगडा वा मतभिन्ता भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१७. बोलपत्रखरिद बापत तिरेको राजश्व फिर्ता हुने छैन ।

१८. यस गा.पा.बाट बिभिन्न बस्तु र सेवाको लागि निर्धारण गरेको दर रेट बमोजिम कर असुली गर्नु पर्ने छ र सो दर रेट भन्दा बढी असुली गरेको पाईएमा कार्यबाही गरिनेछ तथा ठेकेदारले बजारको सरसफाई एवं सुरक्षा स्वयम ठेकेदारले गर्नु पर्ने छ ।

१९.यस कार्यालयलाई तिर्नुपर्ने बाँकीबक्यौता रकम रहेका व्यक्ति, ठेकेदार तथा संघ/संस्थालाई बोलपत्र फारम उपलब्ध गराइने छैन भुलवस बाँकी बक्यौता रकम रहेका व्यक्तिको ठेक्का स्वीकृत भएको खण्डमा निजको ठेक्का जुनसुकै बेला रद्ध गरिनेछ साथै निजले बुझाएको रकम समेत जफत गरिनेछ ।

२०. ठेकेदारले ठेक्का अवधि भित्र विभिन्न कारण देखाई ठेक्का रद्ध गर्नचाहेमा सो ठेक्का रद्ध हुने छैन ।

२१. यस सुचनामा उल्लेखित शर्तहरुको हकमा सोही बमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन,नियम बमोजिम हुने छ ।

शम्भु ठाकुर
प्रमुख प्रशासकिय अधिकृत